नेपाली राजदूतावास
नयाँ दिल्ली
EMBASSY OF NEPAL
New Delhi

## विद्युतीय राहदानी (e-Passport) सेवा शुरू गरिएको सूचना

आज मिति २०७९ जेठ २५ गते तदनुसार सन् २०२२ जुन ८ देखि विद्युतीय राहदानी (e-Passport) सेवा शुरु गरेको ब्यहोरा सबै नेपाली दिदीबहिनी-दाजुभाईमा नियोग सहर्ष जानकारीको लागि अनुरोध गर्दछ ।

विद्युतीय राहदानी (e-Passport) का लागि आवेदन दिन इच्छुक नेपाली नागरिकले देहाय अनुसार गर्नुहुन अनुरोध छ:

१. पुरानो राहदानी/हस्तलिखित राहदानी र विदेशस्थित नेपाली नियोगबाट जारी भएको राहदानी बाहक नेपाली नागरिकले नयाँ राहदानी बनाउन चाहने नेपाली नागरिकले पहिले आफ्नो नागरिकता प्रमाणपत्र/नाबालक परिचयपत्रको प्रतिलिपि सहित यस राजदूतावासमा उपस्थित भई वा राजदूतावासको ईमेल ठेगाना consularnepalembassy@gmail.com वा consular.delhi@mofa.gov.np वा WhatsApp No. +९१-८९२९६०१९२५ मा निवेदन दिनुपर्ने छ । नियोगले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नागरिकता प्रमाणपत्र/नाबालक परिचयपत्रको आधिकारिकता बुझी सूचित गरे पश्चात आवेदकले यो लिङ्कमा https://emrtds.nepalpassport.gov.np/ गई pre-Enrollment फाराम भर्नु पर्नेछ ।

२. Pre-Enrollment फारम भरिसकेका आवेदकले तोकिएको मिति र समयमा यस नियोगमा उपस्थित भई प्रत्यक्ष फोटो तथा बायोमेट्रिक डाटा प्रविस्ट गराउनु पर्ने छ ।

३. राहदानी सम्बन्धी थप जानकारीका लागि राजदूतावासको ईमेल ठेगाना consularnepalembassy@gmail.com वा consular.delhi@mofa.gov.np मा ईमेल पठाएर वा राजदूतावासको + ९१-११-२३४७६२००/+ ९१-११-२३३२७३६१ वा Hotline No: +९१-८९२९६०१९२५ (WhatsApp No. ) मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

४. नयाँ विद्युतीय राहदानीको लागि भा.रु. ५,९८०/- शुल्क लाग्नेछ। दश वर्ष भन्दा कम उमेरका नाबालकको राहदानीको म्याद/पाना सकिई नयाँ विद्युतीय राहदानीको लागि आवेदन दिदा भा.रु. २,९९०/- । राहदानी हराई वा क्षति भई नयाँ राहदानीको लागि आवेदन दिंदा उल्लेखित शुल्कको दोब्बर शुल्क लाग्नेछ ।

५. राहदानी फाराम भर्नुपूर्व दिएको लिङ्कमा गई महत्वपूर्ण सूचनाहरू अनिवार्य रुपमा पढ्नु होला https://nepalpassport.gov.np/application-procedure/ ।

६. राहदानीको म्याद/पाना सकिई नयाँ राहदानी बनाउन, राहदानी हराई वा क्षति भएमा नेपाली नागरिकले नयाँ राहदानीका लागि आवेदन गर्न सक्नेछन् ।

७. हालको मेशिल रिडेबल राहदानी (MRP) को म्याद भएसम्म विद्युतीय राहदानी बनाउनु आवश्यक छैन। हराएको, क्षति अवस्था बाहेक एक वर्ष भन्दा बढी म्याद भएको MRP राहदानीको सट्टामा नयाँ राहदानी बनाउन पाइँदैन ।

८. यो व्यवस्था लागू भए संगै नियोगले मेशिल रिडेबल राहदानी (MRP) को लागि आवदेन लिने कार्य २०७९ जेठ २५ गते तदनुसार सन् २०२२ जुन ८ देखि बन्द गरेको छ ।

नेपाली राजदूतावास, नयाँ दिल्ली
२०७९ जेठ २५